मुक्तिनाथ विकास बैंक लिमिटेड
MUKTINATH BIKAS BANK LIMITED
"नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "ख" वर्गको संस्था"(राष्ट्रिय स्तरको विकास बैंक)

कम्पनी दर्ता नं. : ९५६/०६२/०६३
इजाजत पत्र नं. : ने.रा.बैं./इ.प्रा./ख/३६
पान नं: ३०२३४९२९६

# प्रेस विज्ञप्ति

## मुक्तिनाथ विकास बैंकद्वारा " E-TELLER " सेवा सुरु

मिति २०७७/०६/०१

मुक्तिनाथ विकास बैंक लि.ले कोरोना (COVID 19) को महामारीको विषम परिस्थितीमा ग्राहकहरुले सुरक्षित बैंकिङ्ग कारोबार गर्न मिल्ने गरी E-TELLER सेवा सञ्चालनमा ल्याएको छ ।

E-TELLER मार्फत ग्राहकहरुले चेकको प्रयोग नगरी आफ्नो मोबाइल बैंकिङ्ग एपमा लग-इन गरेर काउन्टरमा भएको क्यू आर कोड (QR CODE ) स्क्यान गरी खाताबाट रकम झिक्न सक्नेछन् । यो सेवा बैंकको सबै शाखाहरुमा उपलब्ध हुनेछ । उक्त सेवाको शुभारम्भ बैंकका प्रमुख कार्यकारी अधिकृत श्री प्रद्युमन पोखरेलले गर्नुभएको थियो ।

बैंकले नयाँ प्रविधिलाई आत्मसाथ गर्नुका साथै बैंकमा कार्यरत कर्मचारी र ग्राहकवर्गको स्वास्थ्य र सुरक्षालाई उच्च प्राथमिकतामा राखी वित्तीय सेवाहरु प्रदान गर्ने उद्देश्यले E-TELLER सेवा सञ्चालनमा ल्याइएको हो ।

कोरोनाको संक्रमणबाट सुरक्षित भई डिजिटल बैंकिङ्ग कारोबार प्रोत्साहन गर्न बैंकको ग्राहकले VISA Network अन्तर्गत जुन सुकै बैंकको ATM बाट विना कुनै शुल्क रकम झिक्न सकिने व्यवस्था गरिएको समेत बैंकले जनाएको छ।

प्रमुख सुचना अधिकारी

श्री तिल बहादुर गुरुङ्ग

फोन: ०१-४१६८६८५, ४१६८६८६
फ्याक्स: ०१-४१६८६८४
केन्द्रीय कार्यालय:
का.म.न.पा.-२८, काठमाण्डौ प्लाजा, कमलादी, काठमाण्डौ
ईमेल: info@muktinathbank.com.np
वेबसाइट: www.muktinathbank.com.np